आज मिति २०८२ साल चैत्र महिना ११ गते बुधबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको एघारौ वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | |
| श्री सन्दिप पौडेल | | उप-सचिव |
| श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

श्री आशिष सुवेदी　　　　सूचना अधिकारी

प्रमाणित

## आर्थिक वर्ष २०८२/०८३ को एघारौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव तथा निर्णयहरूः

मितिः (२०८२/१२/११)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,
२. प्रदेश समपुरक र विशेष योजना छनोट सम्बन्धमा,
३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्क प्रणाली (LGPAS) सम्बन्धमा,
४. भिमाद नगरपालिकाको प्रतीक चिन्ह (Logo) सम्बन्धमा,
५. आगमी वर्ष वि.सं.२०८३ मा प्रदान गर्ने स्थानीय सार्वजनिक विदा सम्बन्धमा,

### निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा नगरपालिकाको मिति २०८२/११/२८ गते बसेको भिमाद नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को दशौं बैठकमा भएका निर्णयहरू समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरू शीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश नीति तथा योजना आयोग ,पोखराको आर्थिक वर्ष २०८३/०८४ मा समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्वन्धी मिति २०८२/१२/०४ गते प्रकाशित प्रस्ताव पेश गर्ने सूचना अनुसार समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने गरी यस नगरपालिकाको नगर गौरवको रुपमा रहेका तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने र समपुरक अनुदानवाट सञ्चालन हुने आयोजनाको हकमा ६० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. स. | योजनाको नाम | कार्यान्वयन स्थल | अनुदानको किसिम | कुल लागत | नगरपालिकाको लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भागर देखि जरेवरसम्म मोटर मार्ग स्तरोन्नती | वडा नं -८ | समपुरक | १ करोड | ६० लाख | यातायातमा सहजता |
| २ | धारादी एक घर एक धारा खानेपानी लिफ्टिङ्ग योजना | वडा नं -२ | विशेष | ४० लाख | | प्राथमिकता नं. १ |
| ३ | सेती नदी तटबन्धन | वडा नं -६ | विशेष | ४० लाख | | प्राथमिकता नं.२ |

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन सहजीकरण गर्न सङ्घीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन

कार्यविधि, २०८२ अनुसार स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा रहेका ५ विषयक्षेत्र, २० उपक्षेत्र, १०० सूचक तथा २०० उपसूचकमा प्रविष्टि गर्नुपर्ने ३१३ दस्तावेजमध्ये नगरपालिकाका विभिन्न शाखाबाट आ. व. २०८१।०८२ मा कार्य सम्पादन गरेका कार्यको विवरण तथा कागजातहरू प्रविष्ट गरेका आधारमा भिमाद नगरपालिकाले प्राप्त गरेको प्रारम्भिक कुल अङ्क ६७.२ लाई जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नवौं कार्यपालिका बैठकबाट गठन भएको भिमाद नगरपालिकाको प्रतीक चिन्ह छनोट समितिले प्राथमिकता निर्धारण गरी अन्तिम स्वीकृतिका लागि ४ वटा प्रतीक चिह्न नगर कार्यपालिका वैठकमा पेस गरेकोमा नगर कार्यपालिका बैठकमा गहन छलफल गर्दा भिमाद नगरपालिकाका विभिन्न विविधता समावेश भएको, छनोट समितिले पेस गरेको प्रथामिकताका आधारमा मूल्याङ्कन समितिले एक नम्बरमा सिफारिस गरेको तपसिलको डिजाइनरले पेस गरेको प्रतीक चिह्न नगरपालिकाको प्रतीक चिह्नका रूपमा स्वीकृत गरी आगामी दिनदेखि नगरपालिकाको आधिकारिक चिह्नका रूपमा प्रयोग गर्ने निर्णय गरियो ।

तपसिल

प्रतीक चिह्नः

डिजाइनरको विवरणः

| क.सं. | डिजाइन पेस गर्ने व्यक्तिको नामथर | ठेगाना | पहिलो दर्ता नं. | पुन पेश भएको दर्ता नं. |
|---|---|---|---|---|
| १ | राजन भण्डारी | भिमाद न.पा. ७ तनहुँ (साविक भिमाद गाँउ विकास समिति ८) | १३२९ | १४७९ |

माथि उल्लिखित भिमाद नगरपालिकाको प्रतीक चिह्न तयार गरी पेश गर्ने डिजाइनरलाई नगरपालिकाको आ.व. २०८२।०८३ को नगर विकास योजनाको सि न ७ कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट नगरपालिकाको पूर्व प्रकाशित सूचनाअनुसार नगद रु ३००००।०० (अक्षरेपि तीस हजार मात्र) मा नियमअनुसार कर कट्टी गरी नगदसहित सम्मानपत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रमाणित

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाले मिति २०८३ साल बैशाख १ गते देखि चैत्र मसान्तसम्म भिमाद नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरू, शैक्षिक संस्थाहरू लागयतलाई तपसिल बमोजिम सार्वजनिक विदा दिने निर्णय गरियो ।

तपसिल

| क स | चाड पर्व तथा उत्सवको नाम | विदा हुने मिति |
|---|---|---|
| १ | जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस | २०८३ साल जेष्ठ २१बिहिवार |
| २ | अन्तराष्ट्रिय आदिवासी दिवस | २०८३ साल श्रावण २४ आइतवार गते (९ अगष्ट २०२६) |
| ३ | राष्ट्रिय मगर दिवस | २०८३ साल फागुन १५ गते ~~बुधबार~~ शनि |